उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# कृषि विकास शाखा
लहरेपौवा,रसुवा
३ नं प्रदेश नेपाल ।

प्रमुख प्रशासकीय अधिकृत

## प्रस्तावनामा आधारित अध्यक्ष साना किसान कृषक उत्थान सम्बन्धि कार्यक्रमको प्रस्ताव आब्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति :-२०७६/०१/११*

यस उत्तरगया गाउँपालिका,गाउँकार्यपालिका कार्यालय अन्तर्गत कृषि विकास शाखाको आ.व.०७५/७६ को स्वीकृत कार्यक्रम अनुसार कृषकहरुलाई कृषि उत्पादन प्रबर्द्धन सम्बन्धि कार्यक्रमको माध्यमबाट स्वरोजगार सृजना गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ वर्ष पुरा भई ४० वर्ष उमेर ननाघेका अर्ध बेरोजगार युवा कृषकबाट प्रस्ताव आब्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक कृषक तथा साझेदारी फर्महरुले सम्बन्धित सरकारी निकायबाट बिगत २ आर्थिक वर्षसम्म समान प्रकृतिका नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेको भए सोही प्रकृतिका अनुदान कार्यक्रममा सहभागी हुन पाउने छैनन् । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम सम्बन्धित शाखामा दरखास्त पेश गर्नु पर्नेछ । म्याद नाघि आएका वा रितपुर्वक दर्ता नगरिएका प्रस्तावहरु उपर कुनै कारवाही गरिने छैन । प्राप्त प्रस्तावहरुलाई कृषि विकास शाखा अन्तर्गत संचालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६मा उल्लेख भएको मुल्याङ्कनको आधारहरुमा मुल्याङ्कन गरी प्रतिस्पर्धात्मक पद्दतीद्धारा सम्बन्धित स्तरका कृषक तथा फर्महरुलाई कृषि विकास शाखाको स्वीकृत बजेट परिधि भित्र रही बढीमा रु.३००००।-(तीस हजार मात्र)सम्म अनुदान रकम उपलब्ध गराईने व्यहोरा जानकारी गराईन्छ ।पुनश्च: कार्यविधिमा उल्लेख भए बमोजिम आवेदन फारमको साथमा तपशिल अनुसारको कागज पत्रहरु संलग्न राख्नुहुन यसै सूचनाद्धारा सूचित गरिन्छ । साथै आवेदन फारमहरु गाउँपालिकाको कृषि विकास शाखा तथा सम्बन्धित वडा कार्यालयमा प्राप्त गर्न सकिने छ ।

*तपशिल :*

१.कार्यालयबाट प्राप्त आवेदन फारम ।
२.कार्यालयबाट प्राप्त संक्षिप्त कार्ययोजना ।
३.नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
४.सम्बन्धित वडा कार्यालयको सिफारीस ।
५.अन्य प्रमाणित प्रमाण पत्रहरु जस्तै : (फर्म दर्ता,कर चुक्ता,सम्बन्धित बिषयको तालिम,शैक्षिक योग्यता,जग्गा भाडामा लिएको भए भाडाको सम्झौता पत्र आदी ) प्रतिलिपी ।

*नोट : प्रस्तुत सूचना सम्बन्धमा तथा अन्य कृषि सम्बन्धि थप जानकारी लिनको लागि निम्न सम्पर्क नं. मा सम्पर्क गर्न सक्नुहुनेछ ।*
*मो.नं.९८४१०८४३०२,९८४९६०७९०३*

## नमुना व्यवसायीक......................खेती फार्म प्रदर्शन कार्यक्रम संचालनको लागि प्रस्तावना

**क)व्यबसायीको परिचय :**

१.युवा/कृषक/फर्म/समुह/सहकारीको नाम :

२.ठेगाना :...............जिल्ला,....................गा.पा./न.पा.,.....वडा नं.,.............................टोल

३.व्यक्तिगत भए आबद्ध कृषक समुह/सहकारीको नाम र ठेगाना :

४.सिंचाई सुविधा छ,छैन.........,यदि छ भने कस्तो प्रकारको छ ?

सतह सिंचाई कुलो ...............,पाइप जडान ...............,थोपा सिंचाई............

५.व्यक्तिगत भए प्रस्तावकको उमेर :

६.शिक्षा :

७. सम्पर्क नं. :

८. ..............खेती सम्बन्धि अनुभवको विवरण (कति वर्ष देखि...............खेतीमा संलग्न रहेको र कुनै आधुनिक प्रविधि लागु गरेको भए उल्लेख गर्ने ) :

९. .......................खेतीबाट मात्र बार्षिक आम्दानी(हालको) : रु.

**ख) संचालन गर्नुपर्ने क्रियाकलाप तथा लागत सम्बन्धी विवरण** (नोट : तल उल्लेखित क्रियाकलापहरु मध्ये सहि (√ )चिन्ह लगाएका कृयाकलापहरुमा कृषकहरुले साझेदारी गर्नु पर्नेछ ।

| क्र.सं. | क्रियाकलाप | साझेदारी | | कैफियत |
|---|---|---|---|---|
| | | अनुदान | कृषक | |
| १ | सम्झौता बमोजिम...........खेती ( कम्तीमा ५ रोपनी ) लागत | | √ | वीउ,मल,श्रम,सिंचाई आदी |
| २ | प्लाष्टिक नर्सरी ट्रे | √ | √ | |
| ३ | न्याप स्याक स्प्रेयर | √ | | |
| ४ | टनेल सिल्पाउलिन प्लाष्टिक | √ | √ | |
| ५ | फेरोमेन ट्र्याप,एलो स्टीकी ट्र्याप | √ | | |
| ६ | जैविक विषादी/शुक्ष्म तत्व | √ | √ | |
| ७ | लहरे तरकारी भए तरकारीमा टेका दिन प्लाष्टिक डोरी | √ | | |
| ८ | लुज पाईप | √ | √ | |
| ९ | स्प्रेयर | √ | | |
| १० | प्रदर्शन बोर्ड | √ | | |
| ११ | कम्पोष्ट मल सुधार | | √ | |
| | जम्मा | | | |

# नमुना व्यवसायीक.........................खेती फार्म प्रदर्शन कार्यक्रम संचालनको लागि निवेदन

श्रीमान कार्यालय प्रमुख ज्यू,
उत्तरगया गाउँपालिका,कृषि विकास शाखा
लहरेपौवा,रसुवा ।

मिति : २०७६/.../....

**विषय :प्रस्ताव पेश गरेको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा म युवा उद्यमी ....................................................ले त्यस कार्यालयबाट प्रकाशित सूचना अनुसार युवा लक्षित कार्यक्रमको व्यवसायिक नमुना ..................................खेती फार्म प्रदर्शन कार्यक्रम संचालनको लागि योजना बनाएको छु ।उक्त योजना कार्यान्वयनको लागि आवश्यक स्कीम/प्रस्ताव तथा सो सम्बन्धि आवश्यक कागजात र प्रतिबद्धता यसै पत्र साथ संलग्न गरी सुचना बमोजिम सहयोगको लागि सादर अनुरोध गर्दछु ।

निवेदक :
हस्ताक्षर :
नामथर :
ठेगाना :
आबद्ध कृषक समुह/सहकारीको नाम :
निवेदकको सम्पर्क नं. :

**आबश्यक कागजातहरु**

- ३ वर्ष सम्म १० रोपनीमा फार्म संचालन गर्ने र जोखिम बहन गर्ने तथा न्यूनतम साझेदारी रकम लगानी गर्ने प्रतिबद्धता ।
- कृषि सम्पर्क स्थल/सम्बन्धित वडा कार्यालयको सिफारीस ।
- नागरिकताको प्रतिलिपी ।
- लालपुर्जाको प्रतिलिपी अथवा लिजमा( न्युनतम ५ वर्ष) लिएको भए सोको प्रतिलिपी ।